संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२ असार २०७९

बिहीवार

बैठक सङ्ख्या- १९

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १५:१५ बजे प्रारम्भ भयो ।

सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडालाई "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री विरोध खतिवडाः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु, धन्यवाद ।

सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडाले प्रस्तुत गर्नुभएको "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९

माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्यासमाँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावउपर छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "औषधि (तेस्रो संशोधन) विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडालाई "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री श्री विरोध खतिवडाः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभासमक्ष पेस गर्दछु, धन्यवाद ।

सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडाले प्रस्तुत गर्नुभएको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावउपर छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यहरूबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म संविधान सभा सदस्य एवम् पूर्वमन्त्री मिथिला चौधरीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्दछु ।

शोक प्रस्तावः

"दोस्रो संविधान सभा सदस्य मिथिला चौधरीको भारतको नयाँ दिल्लीमा उपचारको क्रममा मिति २०७९ साल जेठ २७ गते शुक्रबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय चौधरी तत्कालीन नेकपा संयुक्तको तर्फबाट संविधान सभा सदस्य र जनसङ्ख्या तथा वातावरण मन्त्री हुनुभएको थियो भने पछिल्लो समय नेकपा (माओवादी केन्द्र) मा आबद्ध हुनुहुन्थ्यो । यो बैठक स्वर्गीय मिथिला चौधरीप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

माननीय सदस्यहरू, उक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब स्वर्गीय मिथिला चौधरीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौनधारण गरौं ।

(मौनधारण)

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०७९ साल असार ३ गते शुक्रवार बिहान ११:०० बजे गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक मिति २०७९ साल असार ३ गते शुक्रवार बिहानको ११:०० बजे बस्ने गरी यो बैठक स्थगित भयो ।)

स्थगितः १५:२३ बजे ।